# राष्ट्रिय परिवार योजना सम्मेलन २०७५, घोषणा पत्र

नेपाल सरकार, स्वास्थ्यतथा जनसंख्यामन्त्रालय, स्वास्थ्य सेवाविभाग, परिवार कल्याण महाशाखाले संयुक्त राष्ट्र जनसंख्या कोष र आड्रा नेपाललगायत परिवार योजनामाकाम गर्ने अन्य२० साझेदार संस्थाको सहकार्यमा, देश भरिका ३५० जना सहभागी साम्मिलित रही ३० भन्दा बढी प्रस्तुतीकरण र २८ वटा पोष्टर प्रस्तुति गरि परिवार योजनामा सेवाको पहुँचबाहिर परेकाहरुलाई समेट्ने मुख्यबिषयमा केन्द्रित रही२०७५ चैत्र ४ र ५ गतेआयोजनागरेको दुईदिने सम्मेलन सम्पन्नभयो ।

देशको सर्वाङ्गिण विकासमा परिवार योजना सेवाको योगदानलाई आत्मसातगर्दै हामीनिम्न प्रतिबद्दता हरु व्यक्तगर्दछौं

१. परिवार योजना सेवाको पहुँचवाहिर रहेका जनसमुदायतथा भौगोलिक क्षेत्र पहिचानका लागि नक्साङ्कन गरी लक्षित वर्गका लागि नवीनतम कार्यक्रम मार्फत पहुँच विस्तार गर्ने ।

२. प्रजननस्वास्थ्यको अधिकार सुनिश्चितगर्दै **FP 2020**अनुरुपको प्रतिवद्धता अनुसार परिवार योजना सेवामालगानीअभिवृद्धी गर्ने ।

३. संघीय प्रणाली अनुरुप प्रादेशिक तथा स्थानीयतहको सशक्तिकरण गर्दै परिवार योजना सेवा प्रणालीको पुनःसंरचना गर्ने ।

४. विद्यालयको पाठचक्रममा अनिवार्य रुपमा वृहतर यौनिकताशिक्षा**(comprehensive sexuality education)** समावेश गर्न पैरवी गर्ने ।

५. स्थानीय तथा प्रादेशिक सरकारको साझेदारीमा देशैभरी विद्यालय नर्समार्फत प्रजनन स्वास्थ्य सेवाको शुरुवात गर्ने ।

६. परिवार योजना सेवामासबैको पहुँचसुनिश्चित गर्नस्वास्थ्य क्षेत्रकानिजी संस्थाहरूसंगको प्रभावकारीसाझेदारीमासेवाको विस्तार गर्ने ।